# बालउपन्यास

## अञ्जुदेवी भट्टराई

### *१. रामु र श्यामुको बहादुरी*

प्रकाशक-हाम्रो प्रकाशन, ललितपुर; मुद्रक-?; पहिलो संस्करण-२०२९, पृष्ठ-१६, मूल्य-रु.१।५०; चित्र-? ।

**नेपाली बालसाहित्यका चुनिएका पुस्तकहरूको सूची**, पृ.२१ का आधारमा । यो उपन्यास सामाजिक ग्रामीण विषयवस्तुमा आधारित छ । यसले बालबालिकालाई साहसिलो बन्ने प्रेरणा प्रदान गर्छ । उपन्यासको कथावस्तु र प्रस्तुति दुवै सरल र सहज छ ।

## अनिल पौडेल

### *१. आमाचरी*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६३, पृष्ठ-३५+७=४२, मूल्य-रु.४५।-; चित्र-उमेशचन्द्र अधिकारी ।

शीर्षकविहीन सात अध्यायमा विभाजित बालउपन्यास । नेपाली बालउपन्यासको क्षेत्रमा आएको यो उपन्यास रोचक छ । यसमा एउटी **आमाचरी**का

छोराछोरी (चल्लाचल्ली) को कथानकलाई मानवीकृत गरिएको छ । कथा अघि बढ्दै जाँदा उत्सुकता पनि बढ्दै जान्छ । घरबाट भागेका बच्चा चराहरूले पाएको दुःखका माध्यमबाट कथाकारले एकातिर गतिलो शिक्षा दिएका छन् भने अर्कोतिर चराको बच्चाप्रति पात्राबाट गरिएको व्यवहारका माध्यमबाट पशुपंक्षीप्रति प्रेमभाव राख्नुपर्ने चेतना पनि दिइएको छ । छदेखि बाह्र वर्ष उमेरसमूहका बालबालिकाका पुस्तक बढी रुचिकर देखिन्छ ।

## **उपगुप्त** र **बाबुलाल प्रधान**

### ***१. गौतमबुद्धका कथा***

प्रकाशक-प्रेसिडेन्सी लाइब्रेरी, कलकत्ता; मुद्रक-जगदीश प्रेस, कलकत्ता; पहिलो संस्करण-२०१३, पृष्ठ-७७+७=८४, मूल्य-रु.१।२५ (भारु); चित्र-अनुल्लिखित ।

अट्ठाइस अध्यायमा विभाजित । अध्याय शीर्षकविहीन । गौतमबुद्धबारे लेखिएको यो उपन्यासले उनका बारेमा धेरै कुराको जानकारी दिन्छ । साथै अहिंसा, त्याग, धैर्य र समर्पणको महत्त्व पनि बोध गराउँछ । यसको भाषाशैली दार्जीलिङको रहेको छ ।

"...२५०० वर्षअगि नै यस शान्तिको मंत्र एउटा सन्यासी राजपुत्रले सारा संसारलाई सुनाई सकेका थिए । राजपुत्र भए तापनि सर्वस्व त्याग गरेर शान्तिका खोजमा अग्रसर हुनु यो सानो कुरा होइन औ यो दन्त्य कथा होइन । यसमा इतिहास साक्षी छ । यसकारण भारत र नेपालका बाटिकामा यी शान्तिका पूजारी फूले औ अहिंसाका मंत्रको सुगन्ध सारा संसारमा फिँजाए । यसमा भारत र नेपालको गौरव छ ।" (बाबुलाल प्रधान, *भूमिका*)

## **एस.एस.वस्नेत**

### ***१. कलिला सपनाहरू***

प्रकाशक-रत्नलाल मानन्धर र शान्तराज पुरी, काठमाडौँ; मुद्रक-चारू प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०३७, पृष्ठ-५४+१२=६६, मूल्य-रु.३।-; चित्र-नभएको ।

पाँच अध्यायमा विभाजित बालउपन्यास । यो उपन्यास तास-जुवा खेल्ने र ठूलो परिवार भएको घरमा बालबालिकाले भोग्नुपर्ने स्थितिको सशक्त मनोविश्लेषणात्मक चित्रण भएको उपन्यास हो । अभिभावकहरूका क्रियाकलापले बालबालिकामा पर्ने असरबारे पनि यो उपन्यास कथावस्तु तथा सरल र रोचक

प्रस्तुतिका कारण उल्लेखनीय बनेको छ । एस.एस.वस्नेत पत्रकार श्रीरामसिंह वस्नेतकै अर्को नाम हो ।

## कन्हैया नासननी

### *१. सुन्दर पार्कका सुन्दर फूलहरू*

प्रकाशक-रत्न पुस्तक भण्डार; मुद्रक-नेपाल टाइम्स प्रेस; पहिलो संस्करण-२०६४, पृष्ठ-३६+४=४०, मूल्य-रु.४०।-; चित्र/आवरण-सोम सानु ।

कृतिलाई 'सम्पूर्ण कथा' भनिएको छ । तर कृतिको कथावस्तु, घटनाहरूको सिलसिला र आकारका दृष्टिले यसलाई उपन्यास भन्न सकिन्छ । कृति शीर्षक विनाका आठ अध्यायमा विभाजित छन् । कृतिले सुन्दर पार्क भनेर विश्वलाई र सुन्दर फूलहरू भनेर मानिसलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरेको छ । पार्क र फूलहरूका माध्यमबाट कृतिकारले रिस, राग, द्वेष, कलह र घृणाजस्ता दुर्गुणलाई त्यागेपछि मानिस त्यसै सुन्दर हुने र त्यसबेला सौन्दर्य प्रतियोगिताको आवश्यकता नपर्ने दृष्टिकोणलाई कलात्मक ढङ्गबाट रोचक तरिकाले कथात्मकता दिएका छन् । साथै मानिसहरू आन्तरिक सौन्दर्यभन्दा कृत्रिम सौन्दर्यमा भुल्न थालेका तथ्य औँल्याउँदै लेखकले छोटो जीवनमा उपकारी काम गर्नुपर्ने सन्देश पनि दिएका छन् । संवादका क्रममा प्रचलित नेपाली गीतलाई समावेश गरी कृतिलाई मनोरञ्जनपूर्ण बनाउने पनि लेखकको प्रयास देखिन्छ ।

## कपिलदेव लामिछाने

### *१. ठूलो मान्छे*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६३, पृष्ठ-२०+४=२४, मूल्य-रु.२०।-; चित्र-एरिना ताम्रकार ।

शीर्षकविहीन सात अध्यायमा विभाजित बालउपन्यास । यो उपन्यास बालमनोवैज्ञानिक कथावस्तुमा आधारित छ । ठूलो मान्छे हुने चाहनाका कारण विभिन्न कार्य गर्न अग्रसर बालकको चिन्तालाई यसमा मनोवैज्ञानिक ढङ्गले प्रस्तुत गरिएको छ । कथानक रोचक छ भने कथाप्रस्तुतिको शैली मीठो छ । उपन्यासले बालबालिकालाई सन्देश र प्रेरणा दुवै दिन्छन् । उपन्यासको भाषा सरल र मनोरञ्जनपूर्ण रहेको छ । उपन्यासले बालबालिकालाई ठूलो-असल मान्छे हुन धैर्य र कुनै पनि काममा निरन्तरताको आवश्यकता हुन्छ भन्ने ज्ञान दिन्छ ।

### *२. मुसाको बस्ती*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि; मुद्रक-बङ्गलामुखी अफसेट प्रेस; पहिलो संस्करण-२०६४, पृष्ठ-२४, मूल्य-रु.२५।-; चित्र-कीर्तिकिशोर जोशी ।

सात अध्यायमा विभाजित बालउपन्यास । अध्यायको शीर्षक नभएको । यस बालउपन्यासमा एउटा मुसाको बस्तीका माध्यमबाट एकता, परिश्रम, मिहिनेत र धैर्यतापूर्वक काममा लाग्ने हो भने जस्तोसुकै कठिन काम पनि राम्ररी गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरिएको छ । अर्काको परिश्रममा बाँच्नखोज्ने नेतृत्वले अरूलाई दुःख पर्दा पनि वास्ता नगरेपछि कसरी विद्रोह गरेर नयाँ पुस्ताले छुट्टै आकर्षक बस्ती बसाए भन्ने कुरा यसमा देखाइएको छ । मुसा प्रतीकका रूपमा देखिन्छ । कथा रमाइलो, रोचक र शिक्षाप्रद छ । कथावस्तु सरल र स्पष्ट देखिन्छ ।

## कमला कुँवर

### *१. लाइकाको आत्मकथा*

प्रकाशक-वनिता प्रकाशन; मुद्रक-बगलामुखी अफसेट प्रेस, ललितपुर; पहिलो संस्करण-२०६२ कात्तिक, पृष्ठ-२८, मूल्य-रु.३०।-; चित्र-योगेश खपाङ्गी र राजेश मानन्धर; आवरण-ज्ञानेश्वर उदय ।

लाइका एउटा कुकुरको नाम हो । यस उपन्यासको प्रमुख पात्रको रूपमा रहेको लाइकाका माध्यमबाट लेखिकाले बालबालिकालाई शिक्षा दिन खोजेकी छिन् । आत्मपरक शैलीमा लेखिएको यस कृतिले पशुपक्षीप्रति गर्नुपर्ने व्यवहारका बारेमा बालबालिकालाई जानकारी दिन्छ । उपन्यासको भाषाशैली सरल र सहज छ ।

## कल्पना प्रधान

### *१. ल्वाँदे र ग्वाँदे*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-वेभ प्रिन्टर्स प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०५४, पृष्ठ-२०+४=२४, मूल्य-१५।-; चित्र-अनुल्लिखित ।

अध्याय विभाजन नगरिएको । लोककथाका आधारमा तयार गरिएको **ल्वाँदे र ग्वाँदे** बालउपन्यासमा समाजमा पाइने राम्रा र नराम्रा दुइथरिका पात्रको चित्रणमार्फत बालबालिकालाई सन्देश दिने प्रयास गरिएको छ । ल्वाँदेले अल्छे,

ईर्ष्यालु र कामचोर व्यक्तिको र ग्वाँदेले इमानदार, मिहिनेती र परिश्रमी व्यक्तिको प्रतिनिधित्व गर्छन् ।

## कविताराम श्रेष्ठ

### *१. वनदेवी*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०३६ (सारसङ्ग्रह प्रकाशन); दोस्रो संस्करण-अनुल्लिखित, पृष्ठ-१७+५=२२, मूल्य-रु.१२।-; चित्र-कविताराम ।

अध्याय विभाजन नभएको । सम्भवत: २०४५ मा छापिएको दोस्रो संस्करण । कवितारामले पहिलो बालउपन्यास **वनदेवी**का माध्यमबाट वनको महत्त्वलाई सरल, सरस, मनोवैज्ञानिक एवम् प्रभावोत्पादक ढङ्गबाट प्रस्तुत गरेका छन् । वन विनाशबाट उत्पन्न हुने समस्यालाई देखाएर उनले रूख रोप्नु नै यसको एकमात्र समाधान हो भन्ने सन्देश पनि दिएका छन् । लेखकले आफ्नो कल्पनाशक्तिलाई प्रयोग गरेर उपन्यासलाई रोचक बनाएका छन् ।

### *२. पानीको थोपा*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०३८, पृष्ठ-४१+५=४६, मूल्य-रु.४।७५; चित्र-अनुल्लिखित ।

वैज्ञानिक विषयवस्तु लिएर लेखिएको यो उपन्यास आत्मकथात्मक शैलीमा प्रस्तुत छ । पानीको एउटा थोपाले समुद्रबाट थालेको आफ्नो कथा बादल, असिना, आइसक्रिम, बाफ, शीत, तुँवालो, हुस्सु र तुसारोका रूपमा रूपान्तरित हुँदै पुनः पानी भई समुद्रका पुगेर टुङ्ग्याइएको छ । उपन्यासलाई प्रस्तुत गर्दा वैज्ञानिक तथ्यहरूलाई अत्यन्त सजिलो रूपमा बालबालिकाले बुझ्ने भाषाशैली प्रयोग गरिएको छ ।

### *३. कमिलाको कथा*

प्रकाशक-बालकोसेली प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-बालकोसेली छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०४८ फागुन, पृष्ठ-३०+२=३२, मूल्य-रु.१३।-; चित्र-कुलमानसिंह ।

पाँच अध्यायमा विभाजित उपन्यास । भूमिका नभएको । यस उपन्यासले

शीर्षकअनुरूप नै कमिलाको जन्म, जीवनक्रम, आनीबानी, आपसी एकता, सामूहिक भावना, भण्डार-सीपलगायतका सम्पूर्ण पक्षलाई अत्यन्त सरल र सरस भाषाशैलीमा प्रस्तुत गरेको छ ।

### ४. *अनौठो यात्रा*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०५८, पृष्ठ-५८+६=६४, मूल्य-रु.२८।-; चित्र-सङ्गी श्रेष्ठ ।

तीन अध्यायमा विभाजित बालउपन्यास । यस उपन्यासमा उपन्यासकी मुख्य पात्रा सुजिताको काल्पनिक यात्राका माध्यमबाट रक्तसञ्चारप्रणाली र त्यस प्रणालीसँग सम्बद्ध प्रतिरक्षाप्रणालीका बारेमा महत्त्वपूर्ण जानकारी दिइएको छ । कठिन प्राविधिक विषयलाई उपन्यासमा प्रस्तुत गर्ने काम अत्यन्त गाह्रो र जटिल भए पनि लेखकले अत्यन्तै सहजतापूर्वक यो काम सम्पन्न गरेका छन् । विशेषगरी बाह्र-तेह्र वर्षमाथिका बालबालिकाहरूलाई ध्यानमा राखी उपन्यास लेखिएको छ ।

### ५. *मावलीको यात्रा*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०५९, पृष्ठ-९२+४=९६, मूल्य-रु.३५।-; चित्र-अनुल्लिखित; आवरण-युवक श्रेष्ठ ।

कवितारामका अघिल्ला चार उपन्यास विज्ञानमा आधारित भए पनि प्रस्तुत उपन्यास भने विषयवस्तुका दृष्टिले फरक छ । यसमा बालबालिकालाई जीवनका लागि आवश्यक पर्ने जीवनोपयोगी ज्ञान र व्यावहारिक पक्षबारे जानकारी दिने प्रयास गरिएको पाइन्छ । उपन्यासको बीच-बीचमा लोकगीत र लोककथाहरूको अंशले बालबालिकालाई लोकसाहित्यतर्फ रुचि जगाउने आशा पनि गर्न सकिन्छ । सरल भाषा, रोचक प्रस्तुति र शिक्षाप्रद विषय भएको यो उपन्यास नियात्रात्मक शैलीमा लेखिएको छ ।

## कविताशशि

### १. *सरल बाल रामायण (सम्पा.)*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-अजय प्रिन्टर्स, वाराणसी, भारत;

पहिलो संस्करण-२०२५; तेस्रो संस्करण-२०२८, पृष्ठ-३९+५=४४, मूल्य-रु.१।६५; चित्र-अनुल्लिखित ।

प्रसिद्ध रामायणको कथालाई बालकाण्ड, अयोध्याकाण्ड, अरण्यकाण्ड, किष्किन्धाकाण्ड, सुन्दरकाण्ड, लङ्काकाण्ड र उत्तरकाण्ड गरी सात काण्डमा छोटो र गद्यमा प्रस्तुत । सम्पादिका भनिएको । प्रत्येक काण्डपछि प्रश्नहरू र शब्दार्थ दिइएको । अन्त्यमा 'हामीले यो रामायण पढी त्यसमा रहेका केही पात्रहरूबाट लिनुपर्ने सार अर्ति, बुद्धि उपदेशहरू' शीर्षकमा सन्देश दिने प्रयास ।

"हाम्रा आजका कलिला बालबालिकाहरू नै भोलिका देशका स्तम्भ हुन् । यिनीहरूलाई अहिलेदेखि नै मानवीय मर्यादा, आदर्श र कर्तव्यको ज्ञान दिलाएमा नै भोलि असल नागरिक, महान् व्यक्ति बन्न जाने हुँदा यस्ता प्रेरणादायक पुस्तकको अध्ययन मनन गर्ने गराउनु परेको छ । यसै दृष्टिकोणलाई अगाडि राखी यो ग्रन्थलाई सङ्क्षिप्त पारेर **सरल बाल रामायण**को रूपमा प्रस्तुत गरिएको छ ।" (सम्पादकीय, *निवेदन*)

## कविता सापकोटा

### *१. पर्खिएकी जुकी*

प्रकाशक-जम्को प्रकाशन प्रालि (सुरुको पृष्ठमा), बालसाहित्य सदन, काठमाडौँ (भित्री पृष्ठमा); मुद्रक-इन्द्रेणी अफसेट प्रेस; पहिलो संस्करण-२०६३ मङ्सिर, पृष्ठ-४२, मूल्य-रु.२५।-; चित्र-उमेशचन्द्र अधिकारी ।

दस अध्यायमा विभाजित उपन्यास । अध्यायका शीर्षक-कुवाको आकाश, जुकी विरामी भई, परेवाको बोली, रातको बगैँचा, बिछोड, भ्याकुरको खाजा, भनन्न रिँगटा, खुसीको थकाई, हातगोडा चिलाए, परेवा चिप्लियो । लेखकीय र प्रकाशकीय नभएको । यस उपन्यासमा चरा भनेपछि हुरुक्क हुने एउटी बालिकाको एउटा परेवाप्रतिको प्रेमलाई प्रकट गरिएको छ । उपन्यास बालमनोविज्ञानमा आधारित छ । परेवा उडेर गएपछिका बालिकाको दिनचर्या, गतिविधि र चिन्ता नै उपन्यासको कथावस्तु हो । उपन्यासमा सरल भाषा र छोटा वाक्य प्रयोग गरिएका छन् ।

## कार्तिकेय घिमिरे

### *१. भूतराज*

प्रकाशक-जिलेट पब्लिकेसन्स, काठमाडौँ; मुद्रक-लुष प्रेस, काठमाडौँ; पहिलो

संस्करण-२०५८ असोज, पृष्ठ-२७+५=३२, मूल्य-रु.१५।-; चित्र-शान्त हिताङ ।

यो उपन्यासमा समाजमा शक्तिको दुरुपयोग गर्ने र नक्कली नोट छाप्ने अपराधी गिरोहलाई बालकद्वारा समाप्त पारिएको कथावस्तु रहेको छ। कथा सन्देशमूलक छ तर प्रस्तुति जासुसी उपन्यासजस्तो देखिन्छ। 'जुनियर जेम्स शृङ्खला-१' भनिएको यो उपन्यास शृङ्खलाबद्ध रूपमा दुई अङ्कमा प्रकाशित गरिएको छ।

### *२. डरलाग्दो राक्षसको खोजी*

प्रकाशक-जिलेट पब्लिकेसन्स, काठमाडौँ; मुद्रक-लुष प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५८ असोज, पृष्ठ-२४+४=२८, मूल्य-रु.१०।-; चित्र-शान्त हिताङ ।

'बादलको देशमा' शृङ्खला-१ भनिएको। तिलस्मी र चमत्कारपूर्ण घटनाहरूको संयोजन। उपन्यासको दोस्रो र अन्तिम शृङ्खला २०५८ माघमा प्रकाशित। **भूतराज**को दोस्रो शृङ्खला पनि यससँगै प्रकाशित। दोस्रो शृङ्खलामा कुल १६ पृष्ठ, मूल्य रु.१५।-। चित्र-शान्त हिताङ। गलत काम गर्ने राजनीतिज्ञहरूलाई सजाय दिइएको कथावस्तु भएको **डरलाग्दो राक्षसको खोजी**को विषय आजको समसामयिक कुरा नै भए पनि त्यसलाई समाप्त पार्न देखाइएको घटनाक्रम वास्तविकताभन्दा धेरै टाढा रहेको देखिन्छ।

### *३. अचम्मको देश*

प्रकाशक-जिलेट पब्लिकेसन्स, काठमाडौँ; मुद्रक-हिसि अफसेट प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०५९, पृष्ठ-२८+४=३२, मूल्य-रु.५१।-; चित्र-शान्त हिताङ ।

कानुनको शासन, सबैप्रति समान व्यवहार र सरसफाइप्रतिको सचेततालाई उपन्यासले जोड दिएको देखिन्छ। बाल पात्रपात्रा वीरू र कान्छीका माध्यमबाट उपन्यासकारले समान व्यवहार, मिहिनेत र बुद्धिजुक्तिले काम गरे हामी पनि देशलाई सम्पन्न र सुखी बनाउन सक्छौँ भन्ने सन्देश दिएका छन्। कथा रोचक र मनोरञ्जनपूर्ण पनि छ।

## गायत्री विष्ट

### *१. खरायो साथी*

प्रकाशक-हजुरको प्रकाशन, काठमाडौँ; मुद्रक-द प्रेस सपोर्ट, काठमाडौँ; पहिलो

संस्करण-२०६३ साउन, पृष्ठ-२४, मूल्य-१०।-; चित्र सज्जा-उत्तम थापा; आवरण-सुन्दर बस्नेत ।

दस परिच्छेदमा विभाजित सानो उपन्यास । यो उपन्यासमा मानिसका अतिरिक्त बाख्रा, कुकुर र खरायोका बच्चाजस्ता जीवजन्तुबीचको मित्रता देखाइएको छ । उपन्यासले ठूलाले भनेको मान्नुपर्ने र दुष्टको कुरा जतिसुकै मीठो भए पनि पत्याउन नहुने शिक्षा दिएको छ । पशुपंक्षीप्रति माया र प्रेम गर्नुपर्ने सन्देश पनि कृतिले परोक्ष रूपमा दिएको देखिन्छ । उपन्यासको भाषाशैली सरल छ ।

## *२. पुन्टू र पुन्टे*

प्रकाशक-सेनेनहिल इङ्गलिस स्कुल, काठमाडौँ; मुद्रक-द प्रेस सपोर्ट, काठमाडौँ; पहिलो संस्करण-२०६३ साउन, पृष्ठ-२०, मूल्य-१०।-; चित्र सज्जा-उत्तम थापा; आवरण-सुन्दर बस्नेत ।

दस परिच्छेदमा विभाजित सानो उपन्यास । नेपाली समाजमा दलितप्रति गरिने दुर्व्यवहारलाई उपन्यासले समेटेको छ । ठूलाठालूलाई छोइने डरले विद्यालय जान नपाएकी एक बालिकाको पीडा, उनको साथी पुन्टे बाँदरको उसलाई सहयोग गर्ने चाहना र ती दलित बालिकाको इमानदारी नै उपन्यासको कथानक हो । उपन्यासको कथा सरल भाषामा बुनिएको छ ।

## *३. फुपूका कथा*

प्रकाशक-अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन, काठमाडौँ; मुद्रक-द प्रेस सपोर्ट, काठमाडौँ; पहिलो संस्करण-२०६४ साउन, पृष्ठ-४८, मूल्य-३०।-; चित्र-श्यामकृष्ण बलामी; आवरण-सुन्दर बस्नेत ।

'विज्ञान बालउपन्यास' भनिएको । नेपाली लोकजीवनमा प्रचलित कथावाचन शैलीमा प्रमुख पात्र फुपूका माध्यमबाट रेडियो, टेलिभिजन, पुस्तक र मुद्रणजस्ता विज्ञान विषयक आविष्कारका बारे जानकारी दिइएको आख्यानपुस्तक । यसका अतिरिक्त बालउपन्यासले बालसंसारका पुतलीखेल र भाषाशिक्षणप्रक्रियालाई पनि आफूमा समेटेको छ । साथै द्वन्द्वबाट हुने विध्वंसको सङ्केत गर्दै त्यस्ता घटनाबाट अनाथ, असहाय हुन पुगेकालाई सहारा दिनुपर्ने सन्देश पनि दिएको छ । उपन्यासमा प्रयुक्त विज्ञानसँग सम्बन्धित शब्दहरू भने गाह्रा भएकाले पुस्तकको अन्त्यमा त्यसको सविस्तार अर्थ दिइएको भए अझ राम्रो हुनेथियो ।

## गोपाल पराजुली

### १. *एकदिनको यात्रा*

प्रकाशक-माधवी पराजुली, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५७, पृष्ठ-३२, मूल्य-रु.२५।-; चित्र-शशीन्द्र तामाङ ।

यस उपन्यासमा लेखकले काठमाडौँ उपत्यकाका मुख्यमुख्य स्थान, समस्या र वातावरणका बारेमा जानकारी दिइएको छ। यात्राका माध्यमबाट यसको कथा प्रस्तुत गरिएको छ। कथा ज्ञानवर्द्धक छ। उपन्यासको भाषाशैली सरल र सहज देखिन्छ।

## गोविन्द पराजुली

### १. *जालमाथि चाल*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-दीपक प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-?; वर्तमान संस्करण-२०४५, पृष्ठ-२८+४=३२, मूल्य-रु.६।५०; चित्र-अनुल्लिखित ।

शीर्षकविहीन आठ अध्यायमा विभाजित उपन्यास। लेखकीय र प्रकाशकीय नभएको। यो उपन्यास लोककथाको आधारमा लेखिएको छ। उपन्यासले गाउँका एक शोषकलाई एक जना चलाख केटाले तह लगाएको कथालाई हास्यव्यङ्ग्यात्मक शैलीमा मीठो ढङ्गले अघि सारेको छ।

## जनार्दन जागरूक

### १. *सहस्राब्दीको यन्त्रमानव*

प्रकाशक-निरन्तर प्रकाशन, काठमाडौँ; मुद्रक-लालीगुराँस प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५७ कात्तिक, पृष्ठ-२५+५=३०, मूल्य-रु.२५।-; चित्र-सूर्यनारायण श्रेष्ठ ।

शीर्षकविहीन दस अध्यायमा विभाजित उपन्यास। यस उपन्यासमा प्रमुख पात्रको रूपमा रहेको यन्त्रमानवले आफू मान्छे भएको भए मान्छेले गर्ने सबै प्रकारका क्रियाकलापहरू गर्न पाउँथे भनी कल्पना गरेको देखाइएको छ। उपन्यासले बालबालिकालाई विज्ञानसम्बन्धी ज्ञान र कल्पना गर्ने क्षमता वृद्धिमा सहयोग गर्ने देखिन्छ। बालबालिकालाई विज्ञानप्रति अभिरुचि जगाउन पनि पुस्तक उपयोगी हुने विश्वास गर्न सकिन्छ। साथै यन्त्रमानवझैँ मानिसले पनि

आफूलाई जाँगरिलो, फूर्तिलो बनाउनुपर्ने सन्देश पनि दिइएको छ ।

## जलेश्वरी श्रेष्ठ

### *१. मेहनती गौरी*

प्रकाशक-वनिता प्रकाशन, विराटनगर; मुद्रक-?; पहिलो संस्करण-२०६१, पृ.९+७=१६, मूल्य-रु.३०।-; चित्र-विकल्प श्रेष्ठ; आवरण-ज्ञानेश्वर उदय ।

यो बालउपन्यास अध्ययन र मिहिनेत गर्न उत्प्रेरित गर्ने कथावस्तुमा आधारित बालउपन्यास हो । ग्रामीण परिवेशको यस उपन्यास वर्णनात्मक शैलीमा लेखिएकाले त्यत्ति प्रभावकारी हुन सकेको छैन । कथाले छोरीलाई पनि पढाउनुपर्छ भन्ने शिक्षा दिन्छ । उपन्यासमा बालपात्रपात्रा छन् ।

### *२. सुनपरी*

प्रकाशक-वनिता प्रकाशन; मुद्रक-इजीटोन, काठमाडौं; पहिलो संस्करण-२०६३, पृष्ठ-४८, मूल्य-रु.५०।-; चित्र-उमेश अधिकारी; आवरण-ज्ञानेश्वर उदय ।

यो लोककथात्मक शैलीमा लेखिएको बालउपन्यास हो । यसमा सुनपरीका माध्यमबाट सहर र गाउँको समविकासमा जोड दिइएको छ । बालबालिकालाई सानैदेखि यस प्रकारका शिक्षा र ज्ञान दिन सकिए भोलिको नेपाल उन्नत बनाउन सहयोग पुग्नसक्ने देखिन्छ । कथा रोचक र मनोरञ्जनपूर्ण रहेको छ ।

## देवकुमारी सिंह

### *१. रामको कथा*

प्रकाशक-रामकृष्ण वेदान्त आश्रम, दार्जीलिङ; मुद्रक-रत्नाकर प्रेस, कलकत्ता; पहिलो संस्करण-२०१३ असार, पृष्ठ-३४+४=३८, मूल्य- -।७० पैसा (भारु); चित्र-अनुल्लिखित ।

**रामायण**को कथालाई एघार शीर्षकमा प्रस्तुत गरिएको कथा । शीर्षक-जन्म, रामको विवाह, परशुराम वध, वनवास, सीताहरण, बालीवध, हनुमान् र सीताको भेट, लङ्का दहन, रामको लङ्का प्रस्थान, भरतविलाप, रामराज्य । लेखकीय र प्रकाशकीय नभएको । यो कृति रामायणको मूल पात्र रामको जीवन र घटनामा केन्द्रित छ । **रामायण**को कथा बालबालिकालाई सङ्क्षेपमा बुझाउन यो कृति उपयोगी देखिन्छ ।

## नवीन महाराज

### *१. बाल रामायण*

प्रकाशक-प्रणवानन्द आश्रम, काठमाडौँ; मुद्रक-एनपिटिसी लिमिटेड, काठमाडौँ; पहिलो संस्करण-२०५८ चैत, पृष्ठ-३६+४=४०, मूल्य-रु.१५।-; चित्र-अनुल्लिखित ।

यस कृतिमा बालकाण्डलाई नौ, अयोध्याकाण्डलाई दुई, अरण्यकाण्डलाई तीन, किष्किन्धाकाण्डलाई तीन, सुन्दर काण्डलाई चार, लङ्काकाण्डलाई चार र उत्तरकाण्डलाई छ अध्यायमा प्रस्तुत गरिएको छ । कृतिका माध्यमबाट पूर्वीय धार्मिक कथा **रामायण**लाई बालबालिकासमक्ष पुऱ्याउने राम्रो प्रयास भएको छ । कृतिको अन्त्यमा पात्र र स्थानको परिचय पनि दिइनाले अझ बालोपयोगी हुन पुगेको छ । कृतिको मुद्रणचाहिँ बालबालिकाको स्तरअनुरूप भएको छैन ।

## प्रकाश 'कोविद'

### *१. बालरामायण*

प्रकाशक-श्याम ब्रदर्स, दार्जीलिङ, भारत; मुद्रक-?; पहिलो संस्करण-२०२१, पृष्ठ-३६, मूल्य-अनुल्लिखित; चित्र-प्रकाश कोविद ।

विश्वप्रसिद्ध ग्रन्थ **रामायण**लाई बालबालिकाका लागि सरल र सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको । **नेपाली बालसाहित्यका चुनिएका पुस्तकहरूको सूची**, पृ.२१ का आधारमा ।

### *२. सङ्क्षिप्त महाभारत*

प्रकाशक-श्याम ब्रदर्स, दार्जीलिङ, भारत; मुद्रक-?; पहिलो संस्करण-२०२१, पृष्ठ-६८, मूल्य-अनुल्लिखित ।

विश्वप्रसिद्ध ग्रन्थ **महाभारत**को कथालाई बालबालिकाका लागि सरल र सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको । **बालसाहित्यका चुनिएका पुस्तकहरूको सूची**, पृ.२४ का आधारमा ।

## प्रदीप नेपाल

### *१. दुर्गा हजुरमाको भूत*

प्रकाशक-रोडम्याप नेपाल प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-नवयुग प्रेस, काठमाडौँ;

पहिलो संस्करण-२०६१, पृष्ठ-६४+४=६८, मूल्य-संस्थागत-रु.१००।-, व्यक्तिगत-रु.५०।-, र विद्यार्थी-रु.३५।-; चित्र-रमेश श्रेष्ठ ।

एघार रातको कथालाई एघार अध्यायमा प्रस्तुत । लेखकको पहिलो बालकृति । सुरुमा भूतप्रेतको कथाजस्तो लाग्ने उपन्यास अघि बढ्दै जाँदा विज्ञानसम्मत ढङ्गले अघि बढेको पाइन्छ । उपन्यास रोचक छ र यसले बालबालिकालाई रूढि र अन्धविश्वासविरुद्ध चेतना पनि दिन्छ । घटना, संवाद र भाषिक सरलताले उपन्यासलाई बालबालिकासुहाउँदो बनाएको छ ।

## प्रेमा शाह

### १. *रामेको कथा*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-रत्ना प्रिन्टिङ वर्क्स, वाराणसी, भारत; पहिलो संस्करण-२०४२; वर्तमान संस्करण-२०५१, पृष्ठ-२९+३=३२, मूल्य-अनुल्लिखित; चित्र-नभएको ।

प्रकाशकीय र लेखकीय भूमिका नभएको । उपन्यासको संरचनाभित्र एक्लो रामेको कथा मात्रै नभनी त्यसमार्फत बालबालिकाहरूलाई घर र आफन्तबाटै गरिने शोषण, विदेशीहरूबाट सञ्चालित विद्यालयमा निःशुल्क शिक्षाका बहानामा गरिने गरिब नेपालीका छोराछोरीको धर्मपरिवर्तन, विदेशमा नेपालीहरूमाथि गरिने दुर्व्यवहार, बालबालिकाको उत्थानका लागि आउने रकमको दुरुपयोग र लागूपदार्थको दुर्व्यसन र बेचबिखनमा नेपाली बालबालिकाहरूको संलग्नताजस्ता विषयहरूमा पनि प्रशस्त प्रकाश पारिएको छ ।

### २. *आनन्दको आविष्कार*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-रत्ना प्रिन्टिङ वर्क्स, वाराणसी, भारत; पहिलो संस्करण-२०४३; वर्तमान संस्करण-२०५१, पृष्ठ-१८, मूल्य-अनुल्लिखित; चित्र-नभएको ।

बालबालिकालाई विज्ञानप्रति रुचि जगाउने उद्देश्यले लेखिएको उपन्यास । प्रकाशकीय र लेखकीय नभएको । यो उपन्यास बालबालिकालाई विज्ञानप्रति रुचि जगाउने उद्देश्यले लेखिएको भए पनि यो उपन्यास पूर्ण रूपमा विज्ञानसम्मत भने हुन सकेको छैन । यसमा आनन्दको साथी नीलले साना ऐनाको बाकसमा बन्द गरेको राक्षसलाई आनन्दले आज्ञाकारी रोबोटमा परिणत गरेको देखाइएको छ ।

### *३. मनु र भङ्गेरा*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-रत्ना प्रिन्टिङ वर्क्स, वाराणसी, भारत; पहिलो संस्करण-२०४३; वर्तमान संस्करण-२०५१, पृष्ठ-२५+३=२८, मूल्य-अनुल्लिखित; चित्र-नभएको ।

प्रकाशकीय र लेखकीय भूमिका नभएको । यस उपन्यासमा उपन्यासकारले अशक्त र अपाङ्ग बालबालिकाले हरेस नखाई प्रयास र दृढताका साथ अगाडि बढे पुनः सबलाङ्गझैं हुन सक्ने तथ्यलाई मनोवैज्ञानिक ढङ्गले प्रस्तुत गरेकी छन् । बालबालिकामै केन्द्रित विषयवस्तु, सरल भाषा र मीठो प्रस्तुतिका दृष्टिले उपन्यास सफल देखिन्छ ।

## भुवन तामाङ

### *१. हिमपरी*

प्रकाशक-एकता प्रकाशन, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६३, पृष्ठ-४०, मूल्य-रु.३०।-; चित्र-किशोर जोशी; सम्पादन-केशव सुवेदी ।

पाँच अध्यायका विभाजित बालउपन्यास । अध्याय शीर्षक-हिमपरी र यतीको भेट, हिमपरी बेपत्ता, हिमपरीको खोज, बैगुनको बदलामा गुन, राजकुमारीको जन्मदिन । एउटी बालिका हिमपरीको यतीसँगको भेटबाट सुरु भएको उपन्यासको कथावस्तु उनीहरूको विछोड हुँदै अन्त्यमा पुनः मिलनपछि सकिन्छ । उपन्यासमा यती राजाले रानी, राजकुमार र राजकुमारीलाई ल्याई हिमपरीसँग भेट गराउने वाचा गरी गएको लामो समयसम्म नआउँदा हिमपरी अन्यत्र लागेको, हिमपरीको डाँफे-मुनालसँग भेट भएको, उनले जङ्गली पशुलाई बाघबाट बचाउन सफलता पाएको, पछि हिमपरी त्यो ठाउँ छाडेर यती भएको ठाउँमा आएको र उनको परिवारसँग भेट भएको कथा छ । उपन्यासका माध्यमबाट बालबालिकाले हिमाल, पहाडको रोचक दृश्यावलोकन गर्छन् ।

## महेश पौडेल

### *१. नानीहरूको पुरूषार्थ*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-सर्वोत्तम अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६०, पृष्ठ-५७+३=६०, मूल्य रु.५०।-;

चित्र-उमेश श्रेष्ठ; आवरण-के.के.कर्माचार्य ।

बाह्र अध्यायमा विभाजित बालउपन्यास । यस उपन्यासमा छुवाछूतको विरोध तथा एकता, सरसफाइ र शिक्षाको पक्षमा बालबालिकालाई चेतना दिने प्रयास देखिन्छ । साथै सार्वजनिक सम्पत्तिको संरक्षणमा पनि उपन्यासमार्फत जोड दिइएको छ । उपन्यासमा चकचके र बदमासी गर्ने केटाकेटीहरू जिम्मेवारी आएपछि कसरी आफैँ सही बाटोमा लाग्छन् भन्ने देखाइएको छ ।

## मोदनाथ प्रश्रित

### *१. चोर*

प्रकाशक-पैरवी बुक्स एण्ड स्टेसनरी सेन्टर, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०४४; दोस्रो संस्करण-२०५८, पृष्ठ-१८७ देखि २५८ सम्म+२=७४; चित्र-नभएको ।

विना शीर्षकका १५ अध्यायमा विभाजित बालउपन्यास । पहिलो संस्करण अनुपलब्ध । पैरवी बुक्स एण्ड स्टेसनरी सेन्टरबाट प्रकाशित **सङ्कलित रचनाहरू**, खण्ड-३ (२०५८) मा समाविष्ट । 'नानी उपन्यास' भनिएको । गाउँको साहुबाट प्रताडित एक गरिब परिवार घरमुलीको मृत्युपछि घरखेत साहुलाई बुझाएर विस्थापित भएर के-कस्तो दुःख, कष्ट, अन्याय, अत्याचार सहन बाध्य हुन्छ भन्नेबारे बालपात्र किस्नका माध्यमबाट प्रस्तुत । उपन्यास यथार्थवादी र प्रगतिवादी चेतनाबाट उत्प्रेरित भए पनि प्रस्तुतिले बालउपन्यासजस्तो लाग्दैन ।

"यसको वास्तविक रचयिता किस्न नै हो । अझ भनौँ, ऊ स्वयम् नै पीडा र आक्रोशको सजीव उपन्यास थियो । मेरा कलमले किस्नको भावनालाई उतारेकोले चलनचल्तीअनुसार मात्र मैले यसमा लेखकको ठाउँमा आफ्नो नाम टाँसिरहेछु ।" (लेखकीय, *चोर उपन्यासबारे*, पृ.१८७)

## रञ्जुश्री पराजुली

### *१. हरियाली*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-श्री केदारनाथ अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५८, पृष्ठ-२८, मूल्य-रु.२५।-; चित्र-इमेज डिजाइनर्स, काठमाडौँ ।

शीर्षकविहीन आठ अध्यायमा विभाजित बालउपन्यास । उपन्यासको

शीर्षकअनुरूप नै यो उपन्यास वातावरणसँग सम्बन्धित छ। उपन्यासमा वनजङ्गलको विनासबाट उत्पन्न समस्याको समाधान गर्न हरियाली आवश्यक भएको तथ्यलाई घटना, चरित्र र संवादका माध्यमबाट प्रस्तुत गरिएको छ। यसबाट बालबालिकाले शिक्षा र चेतना दुवै पाउने देखिन्छ।

## रमेश विकल

### *१. विक्रम र नौलो ग्रह*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-अभिव्यक्ति छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०३९; दोस्रो संस्करण-२०५०, पृष्ठ-१५४+१०=१६४, मूल्य-रु.२५।२५; चित्र-नभएको।

आठ अध्यायमा विभाजित उपन्यास। बाह्रदेखि सत्र-अठार वर्ष उमेरसमूहका किशोरकिशोरीका लागि लेखिएको यो उपन्यास विज्ञानसम्बन्धी कल्पनामा आधारित छ। प्रामाणिक विज्ञानकथा नहुँदानहुँदै पनि यो उपन्यास किशोरकिशोरीहरूमा विज्ञानप्रतिको चाख जगाउन र विज्ञानबाट भविष्यमा हुनसक्ने सम्भाव्य खोज, अन्वेषण र अनुसन्धानबारे जानकारी दिन सफल मान्न सकिन्छ। सस्ता गलत खालका उपन्यासबाट किशोरकिशोरीहरूका कलिला मस्तिष्कमा पर्ने कुप्रभाव हटाउन यस्ता औपन्यासिक कृतिबाट महत्त्वपूर्ण सघाउ पुग्ने निर्विवाद छ।

## रुद्रराज पाण्डे

### *१. बाल रामायण*

प्रकाशक-इण्डियन प्रेस (पब्लिकेसन्स) प्रालि, इलाहाबाद, भारत; मुद्रक-इण्डियन प्रेस (प्राइभेट) लि., इलाहाबाद, भारत; पहिलो संस्करण-१९६२ (वि.सं. हो वा सन् स्पष्ट नभएको), पृष्ठ-३९+५=४४, मूल्य-रु.१।५० (भारु नयाँ पैसा); चित्र-अनुल्लिखित।

तेह्र शीर्षकमा विभक्त। उपशीर्षक-रावण, राम, जनकपुर, अयोध्या, रामको वनबास, सीताहरण, राम सुग्रीव मितेरी, सीताको खोज, शरण पर्न आएका विभीषण, राम-रावण युद्ध, विभीषणको राज्याभिषेक, भरत विलाप, रामराज्य। यस कृतिमा विश्वप्रसिद्ध ग्रन्थ **रामायण**को कथालाई बालोपयोगी किसिमले सरल र सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ। यसको विशेषता भनेको अन्य **रामायण**झैँ सात काण्डमा आधारित रहेर कथा प्रस्तुत गर्नु नभई पात्र, स्थान र घटनाका आधारमा कथा प्रस्तुत गर्नु हो।

## ललिता दोषी

### १. *नीलकमल*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-बङ्गलामुखी अफसेट प्रेस; पहिलो संस्करण-२०६४ साउन, पृष्ठ-६०, मूल्य-रु.४०।-; चित्र-सुनिता महर्जन ।

शीर्षकविहीन एघार अध्यायमा विभाजित बालउपन्यास । यस बालउपन्यासमा नेपाली समाजमा देखिने एक किसिमको घटनाको चित्र खिचिएको छ । उपन्यासले एकातिर आर्थिक रूपमा सम्पन्न घरका बालबालिकाको समस्या, उनीहरूप्रति उनीहरूका बाआमाले गर्ने गरेका व्यवहार र त्यस व्यवहारबाट बालबालिकामा पर्ने मनोवैज्ञानिक असरलाई स्पष्ट पारेको छ भने अर्कोतिर विपन्न घरका बालबालिकाका समस्या, उनीहरूको पारिवारिक वातावरण र मानवीय भावनालाई उजागर गरेको छ। उपन्यासले गरिब-धनीबीचका बालबालिकाबीचको स्नेह, माया र सद्भाव देखाएर एउटा राम्रो उदाहरण पनि प्रस्तुत गरेको देखिन्छ। उपन्यास सरल, स्पष्ट र सरस भाषाशैलीमा लेखिएको छ । उपन्यासले आमाबा छोराछोरीप्रति जिम्मेवार हुनुपर्ने महत्त्वपूर्ण सन्देश पनि दिएको छ ।

## वर्तमान

### १. *नाकबहादुर र मुखबहादुर*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६०, पृष्ठ-४९+७=५६, मूल्य रु.२४।-; चित्र-सङ्गी श्रेष्ठ ।

उपन्यासमा हाम्रो समाजमा पाइने घटनालाई पशुपात्रका माध्यमबाट अघि सारिएको छ । दुई विपरीत चरित्रका **नाकबहादुर र मुखबहादुर**का माध्यमबाट उपन्यासकारले हाम्रो समाज र शासनसञ्चालनको चित्र देखाएका छन् । प्रकाशकीयमा भनिएझैँ यस कृतिमा जनावरका कथाद्वारा मानिसका प्रवृत्तिलाई देखाउने प्रयास गरिएको छ । उपन्यासको भाषा सरल र शैली रोचक छ ।

"यो ...पुस्तक किशोर हुनहुन आँटेका बालबालिकाका निम्ति लेखेको हुँ । यस उमेरका भाइबहिनीका रुचि, इच्छा र स्वादलाई ध्यानमा राखेर पुस्तक तयार भएको छ । यसैले आउँदा पुस्तालाई आवश्यक पर्ने सामाजिक, राजनैतिक साथै पर्यावरण विषयको सन्देश यो पुस्तकबाट दिन हास्यव्यङ्ग्य रस-शैली अपनाएको छु ।" (लेखकीय, *केही कुरा)*

## विजय चालिसे

### *१. मङ्गलग्रहमा विज्ञान*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६०, पृष्ठ-८७+५=९२, मूल्य-रु.६७।-; चित्र-मिलन शाक्य, आलोक चालिसे र पूर्णरत्न वज्राचार्य ।

पच्चीस उपशीर्षकमा विभाजित । 'अन्तरिक्षमा घुम्ने रहर'बाट सुरु भई 'के त्यो सपना नै हो त ?' शीर्षकमा अन्त्य । विज्ञानमा आधारित नेपाली बालसाहित्यका थोरै उपन्यासमध्ये यो पनि एक हो । यस उपन्यासमा विज्ञान नाम गरेका एक विद्यार्थी पात्रको माध्यमबाट उपन्यासलेखकले सौर्यमण्डलका ग्रह र अन्तरिक्ष सम्बन्धमा वैज्ञानिकहरूले पत्ता लगाएका विभिन्न तथ्यहरूलाई अत्यन्त रोचक ढङ्गले पस्केका छन् । उपन्यास जानकारीमूलक छ र यसले बालबालिकालाई विज्ञानप्रति अभिरुचि जगाउन पनि मद्दत गर्छ । विज्ञानजस्तो विषयमा लेखिए पनि उपन्यासलाई लेखकले सकेसम्म सरल बनाएका छन् ।

"यसमा उल्लेख भएका अन्तरिक्षसम्बन्धी वैज्ञानिक तथ्यहरू काल्पनिक होइनन् । औपन्यासिकताका लागि आवश्यक केही नाटकीयता र कल्पनाका जलपहरू धेरथोर अवश्य छन् । तर यावत् तथ्यहरू वैज्ञानिक, अन्तरिक्षसम्बन्धी अन्वेषण र अध्ययनबाट प्रकाशमा आएका र वैज्ञानिक आधार नै यसको प्रमुख आधार हो ।" (लेखकीय, *उपन्यासका बारेमा)*

### *२. मुस्ताङको गुफा*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि,काठमाडौँ; मुद्रक-प्रज्ञा अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१ असोज, पृष्ठ-८७, मूल्य-रु.५०।-; आवरण/चित्र-देव कोइमी ।

बीस अध्यायमा विभाजित बालउपन्यास । अध्यायका शीर्षक-यात्राको तयारी, चिलगाडीमा सरर, बाबासँगको भेट, नयाँ साथी, कागबेनीको उकालो, मुक्तिनाथको मन्दिर, राक्षस र वनमान्छेका कुरा, गुफा छेउमा लुकामारी, गुफाको यात्रा, गुफाभित्रको मन्दिर, भित्री गुफामा सामानको थुप्रो, गुफाभित्र लुटको सामान, बल्ल ज्यान बच्यो !, डाँकाहरूको योजना, अब ओर्लने कसरी ?, गुफाबाट मुक्ति, बाआमाको चिन्ता, को आए यी भूतजस्ता केटा, डाँका समात्ने योजना र जनताको दण्ड । यस उपन्यासले एकातिर नेपाली पहाडी भूभागको स्थिति,

समस्या, त्यहाँका जनताले भोग्नुपरेका पीडालगायतलाई प्रस्तुत गरेको छ भने अर्कातिर बालबालिकाले पनि साहसिलो काम गर्न सक्छन् भन्ने यथार्थलाई देखाउने प्रयास गरेको छ । नेपालको भौगोलिक, जातिगत र भाषागत विविधतालाई उपन्यासले जीवन्त तुल्याएको छ । कृति सन्देशमूलक पनि रहेको छ । मीठो कथानक, रोचक प्रस्तुति र सरल भाषा उपन्यासको विशेषता हो ।

"नयाँ ठाउँ, नयाँ कुरा, नयाँ ज्ञान र केटाकेटीका साहसिला कामलाई रमाइलो तरिकाले सुनाउने कोसिस गरेको छु । यसमा तिमीहरूले अभिनव, सोमु, पासाङ, कासाङ आदिसँग भेट्ने छौं । हिमालपारिको नेपाल भनिने मुस्ताङ र त्यसको सदरमुकाम जोमसोम, मुक्तिनाथजस्तो ठाउँ पनि उनीहरूसँगै घुम्ने छौं । तिमीहरू पनि उनीहरूसँगै मुस्ताङको गुफा हेर्न पुग्नेछौं । त्यस्ता गुफाहरू कसरी बन्दा रहेछन् र त्यहाँ के-कस्ता जीव र कुराहरू हुँदारहेछन् भन्ने पनि थाहा पाउनेछौं ।" (लेखकीय, *भाइबहिनीसँग*, पृ.४)

## विजयराज आचार्य

### १. *परिवर्तन*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-सर्वोत्तम अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-अनुल्लिखित, पृष्ठ-७६+२०=९६, मूल्य-रु.५०।-; चित्र-एकाराम सिंह ।

तेह्र अध्यायमा विभाजित सडक बालबालिकाको दिनचर्या र जीवनमा आधारित उपन्यास । छाप्नुअघि तेह्र बालबालिकालाई पढ्न दिई उनीहरूको प्रतिक्रियासहित प्रकाशित । पुस्तकमा प्रकाशित साल उल्लेख नभए पनि लेखकका अनुसार २०६० मा प्रकाशित भएको । यो उपन्यास सडक बालबालिकाको जीवनकथामा आधारित छ र यसले उनीहरूका समस्यालाई प्रस्तुत गर्नुका साथै उनीहरूलाई जीवनमा कसरी अगाडि बढ्न सकिन्छ भन्ने पनि सिकाउने प्रयास गरेको छ । पाँच सडक बालक र एक सम्पादकको इतिवृत्तमा घुमेको यस बालउपन्यासको कथावस्तु बालोपयोगी र प्रस्तुति सरल छ । कतैकतै घटनाको पुनरावृत्ति भएको पाइन्छ ।

### २. *नयाँ वस्ती*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-प्रज्ञा अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१ असोज, पृष्ठ-४८, मूल्य-रु.३५।-; चित्र-स्वयम्बर हाङ ।

यस उपन्यासका माध्यममा नेपाली समाजमा विद्यमान छुवाछूतप्रति तीव्र प्रहार गर्दै त्यस्तो कुप्रथा विरुद्ध बालबालिकालाई सजग पार्ने प्रयास भएको छ । साथै दलितका नाममा संस्था खोलेर आफू र आफ्ना वरिपरिका मानिसलाई पोस्ने कार्यको पोल पनि उपन्यासले खोलेको छ । उपन्यास समानता, न्याय र सौहार्दताका पक्षमा उभिएको छ । उपन्यासमा बालपात्रपात्रा छन् ।

### *३. हाम्रो आवाज*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-त्रियुगा अफसेट प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-अनुल्लिखित, पृष्ठ-३६+८=४४, मूल्य-रु.३०।-; चित्र-देव कोइमी ।

छ खण्डमा विभाजित । पुस्तकमा प्रकाशन साल उल्लेख नभए पनि लेखकका अनुसार २०६१ मा प्रकाशित । सडक बालबालिकाकै समस्यामा लेखिएको यो उपन्यासको कथावस्तु बालोपयोगी भए पनि कथानकलाई भन्दा विचारलाई बढी जोड दिइएको देखिन्छ । तर नेपाली सडक बालबालिकाका पीडा, दुःख र समस्या भने उपन्यासमा राम्ररी मुखरित भएका छन् । बालबालिकामाथि भएका थिचोमिचो र उनीहरूका नाममा गैरसरकारी संस्थाहरूबाट हुने गरेको आर्थिक भ्रष्टाचार पनि उपन्यासले समेटेको छ । आत्मकथात्मक शैलीमा उपन्यास लेखिएको छ ।

## विजय सापकोटा

### *१. आमाको माया*

प्रकाशक-प्रह्लाद शर्मा गुरागाईं; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०६० असार, पृष्ठ-४०, मूल्य-रु.२०।-; चित्र-सेफस जोशी ।

तीन अध्यायमा विभाजित । यस उपन्यासमा केटाकेटीको जिद्दीपन र आमाबाबुको बाध्यताको चित्रणका साथै आमाबाबुको छोराछोरीप्रतिको माया र स्नेहको चित्रण गरिएको छ । बालपात्र निर्मलाका माध्यमबाट उपन्यासकारले नेपाली समाजमा विद्यमान गरिबी र सामाजिक असमानतालगायतका समस्याहरूको चिरफार गर्ने प्रयास पनि गरेका छन् । उपन्यासमा भौतिक सुखसुविधाभन्दा जेजस्तो उपलब्ध भए पनि आफ्नो घर नै स्वर्ग हुन्छ भन्ने तथ्यमा प्रकाश पारिएको छ ।

## विनोद न्यौपाने

### *१. यतिको काखमा*

प्रकाशक-विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स सहकारी लि., काठमाडौँ; पहिलो संस्करण-२०६०, पृष्ठ-६९+४=७३, मूल्य-रु.३०।-; चित्र-राजेश मानन्धर ।

सत्र अध्यायमा विभाजित उपन्यास । नयाँ विषयवस्तुमा आधारित भएकाले यो उपन्यास बालबालिकाका लागि रोचक देखिन्छ । नेपाल भ्रमणमा आएको एक अमेरिकाली परिवारको बालकको यतिसँगको भेटसँगै अघि बढेको यसको कथा विभिन्न घटना हुँदै पुनः आफ्ना आमाबाबुसँग भेट भएपछि टुङ्गिन्छ । वर्णनात्मक शैलीमा लेखिएको यसको कथा रोमाञ्चक छ । कथासँगसँगै बालबालिकाले नेपालको हिमाली क्षेत्रका बारेमा पनि प्रशस्त जानकारी पाउँछन् । यस कृतिको प्रमुख पात्रमध्येको यतिको चरित्र र उसको व्यवहारलाई उपन्यासकारले अत्यन्त आकर्षक ढङ्गले प्रस्तुत गरेका छन् ।

## विन्दु सुवेदी

### *१. अंशुको यात्रा*

प्रकाशक-वनिता प्रकाशन; मुद्रक-इजीटोन, बागबजार, काठमाडौँ; पहिलो संस्करण-२०६३, पृष्ठ-६४, मूल्य-रु.५५।-; चित्र-उमेश अधिकारी; आवरण-ज्ञानेश्वर उदय ।

विना शीर्षकका तीन खण्डमा विभाजित बालउपन्यास । यस बालउपन्यासमा तीन पात्र ससर किरो, बालिका अंशु र एउटा खरायोको यात्राको माध्यमबाट नेपालको हिमाल, पहाड र तराईको भौगोलिक अवस्थिति, प्राकृतिक सम्पदा, बोटविरुवा, जीवजन्तु, खेतीपातीआदि बारे राम्रो जानकारी दिइएको छ । साथै सगरमाथा आरोहण, राप्तीको र्‍याफ्टिङ, यार्सागुम्बाको खोजीलगायतका बारेमा पनि उपन्यासमा चित्रण गरिएको छ । वास्तवमा यो कृतिको माध्यमबाट बालबालिकाले नेपालको भूगोलको अध्ययन गर्न सक्छन् । शैली वर्णनात्मक भए पनि छिनछिनमा बदलिरहने दृश्यले बालबालिकालाई उपन्यासले आफूतिर आकर्षित गर्छ । कथामा रहेको गतिशीलता, ठाउँठाउँमा प्रयुक्त स्वैरकल्पना र रोचक संवादले कृति रोचक हुन पुगेको छ ।

## शकुन्तला खत्री (श्रीमती)

### *१. मर्यादा पुरुषोत्तम राम*

प्रकाशक-सङ्गीता र सञ्जय खत्री; मुद्रक-?; पहिलो संस्करण-२०६३, पृष्ठ-२०२+४=२०६, मूल्य-रु.३००।-; चित्र-? ।

एकसट्ठी अंशमा बाँडिएको रामायण कथा । पहिलो अंशको शीर्षक 'रामायण कसरी लेखियो ?' र अन्तिमको शीर्षक 'अन्तमा' । यसमा **रामायण**को कथालाई प्रमुख पात्र रामको केन्द्रीयतामा हजुरआमा र नाति-नातिना अर्णव र गीतिकाबीच कुराकानीका माध्यमबाट प्रस्तुत गरिएको छ। कहींकहीं रङ्गीन चित्रसमेत भएको यो कृति आकारका दृष्टिले निकै लामो छ।

## शङ्कर कोइराला

### *१. रिसको भागी*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०५८, पृष्ठ-५७+७=६४, मूल्य-रु.३८।-; चित्र-टेकवीर मुखिया ।

छ अध्यायमा विभाजित उपन्यास । काठमाडौंको पश्चिमी भाग विष्णुमतीको वरपर केन्द्रित कथावस्तु भएको पाँच भागमा विभाजित यो उपन्यासमा जातिगत विभेदप्रति प्रश्न उठाइएको छ । बालउपन्यासमा अवैध सम्बन्ध देखाउने प्रयास गर्नुलाई भने उचित मान्न सकिन्न ।

## शर्मिला खड्का (दाहाल)

### *१. सानी*

प्रकाशक-तेजबहादुर दाहाल; मुद्रक-स्प्रिन्टर प्रालि; पहिलो संस्करण-२०६० फागुन, पृष्ठ-२२+६=२८, मूल्य-रु.३५।-; आवरण-नरेशसुन्दर शैंजू ।

दस अध्यायमा विभाजित उपन्यास । अध्यायका शीर्षकहरू-सानी र बादल, सानी र बिहेको कुरो, सानी र कविता प्रतियोगिता, सानी र जन्मदिन पार्टी, सानी र परी, सानी र बिहे, सानी र पैनी, सानी र पूजा, सानी र मम्मीको बिछोड, सानी र मम्मीको मिलन । उपन्यासमा एउटी सानी बालिका सानीका माध्यमबाट उपन्यासकारले बालमनोविज्ञान र बालमनोभावलाई प्रस्तुत गर्ने प्रयास गरेकी छन् । सानीकी आमा छैनन्, बाबु र हजुरआमासँग बस्छिन् । बुबाको अर्को

विवाहको कुरा चलेपछि बालिकाको मनमा उब्जेका कुराहरू बालस्वभावअनुकूल छन् । आमाप्रतिको उनको भावना र नयाँ आमाको उनीप्रतिको लगावले नेपाली समाजमा विद्यमान सौतेनी आमाको तस्विरलाई हटाउन मद्दत गर्ने देखिन्छ । उपन्यास रुचिपूर्ण छ । सातदेखि १२ वर्ष उमेरसमूहका बालबालिकालाई दृष्टिगत गरी यो उपन्यास लेखिएको हो ।

## *२. सानीको साहस*

प्रकाशक-तेजबहादुर दाहाल; मुद्रक-चान्सर प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०६२, पृष्ठ-७८+१०=८८, मूल्य-रु.८०।-, संस्थागत-रु.१००।-; कला-डिकेड; भाषा सम्पादन-कृष्णप्रसाद पराजुली र दिनेश पौडेल ।

छब्बीस शीर्षकमा विभाजित उपन्यास । अध्यायका शीर्षकहरू-रात्रिबसको यात्रा, जूनदेशको भ्रमण, सानीको बिमारी, विद्यालयमा भर्ना, चिडियाखानाको भ्रमण, चम्पासँग भेट, जन्मदिनको घटना, मन्त्रको करामत, मम्मीको व्यवहार, सानी र नेपाली विषय, दसैँको रमझम, हजुरआमासँग भेट, रहस्यमय कुरा, हजुरआमाको निधन, अभिभावक दिवस, भाइको जन्म, बाबाको सरुवा, छाउपडी प्रथा, अचम्मको घटना, बाघमुखे बाबासँगको भेट, बूढी मान्छेको उद्धार, गुरूपूर्णिमाको मेला, बाबाको अपहरण, बाबाको खोजीमा, सानीको अपूर्व सफलता, बाबाको आगमन ।

यो उपन्यासलाई लेखिकाले पहिलो उपन्यास **सानी**कै शृङ्खलामा लेखेकी छिन् । सुरुकी सानी यस उपन्यासमा आइपुग्दा ठूली भएकी छिन् । अध्यायहरू छोटा-छोटा छन् । उपन्यासका माध्यमबाट हाम्रो भौगोलिक विविधता र विभिन्न सांस्कृतिक एवम् धार्मिक पर्वको जानकारीका साथै घरपरिवारमा आइपर्ने समस्या र सङ्कटका बारे पनि प्रशस्त जानकारी पाइन्छ । सुदूरपश्चिमका कुप्रथाबारे पनि उपन्यासले जानकारी दिन्छ । उपन्यासमा नयाँ पात्रहरू समावेश भएका छन् । उपन्यासमा तन्त्रमन्त्रका माध्यमबाट देखाइएको कुराले बालबालिकालाई आफूतिर आकर्षित गर्छ । उपन्यासले बालबालिकालाई साहसी हुन प्रेरित गर्छ । उपन्यासमा जादुगरी र तिलस्मको प्रभाव छ ।

## *३. मित्रताको महत्त्व*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६३, पृष्ठ-२४+४=२८, मूल्य-रु.२४।-; चित्र-सञ्जय बान्तवा ।

शीर्षकविहीन १२ अध्यायमा विभाजित बालउपन्यास । यस उपन्यासमा मानवपात्र मबहादुर र हामीबहादुरको कथासँगसँगै भ्यागुतो र कछुवाको कथा अघि बढेको छ । संसारका सबै प्राणी भोजन र बासको खोजीमा एक ठाउँदेखि अर्को ठाउँ हिँड्नुपर्ने यथार्थतालाई देखाउँदै उपन्यासमा स्वार्थका कारण आपसी मित्रतामा आउने व्यवधानको चित्रण गरिएको छ । सन्देशमूलक कथावस्तु, सरल भाषा र रोचक प्रस्तुति उपन्यासमा पाइन्छ ।

## शाश्वत पराजुली

### *१. आधा देशको राजकुमार*

प्रकाशक-रूम टु रीड; मुद्रक-एपोलो अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६० फागुन, पृष्ठ-५२, मूल्य-अनुल्लिखित; चित्र-अविन श्रेष्ठ ।

यो बालउपन्यास विषयवस्तु र प्रस्तुति दुवै दृष्टिकोणले बालबालिकाका लागि अत्यन्त रोचक छ । एउटा फुच्चे जादुगर र अन्य तीन बालबालिका प्रमुख पात्रका रूपमा उपन्यासमा रहेका छन् र तिनकै वरिपरि उपन्यासको कथा घुमेको छ । उपन्यासमा हाम्रो समाजमा अहिले विद्यमान बालश्रम, जुवातासजस्ता विकृति र कुपोषणजस्ता समस्याको चित्रण भएको छ र बालक्लब, भित्तेपत्रिकाका माध्यमबाट भइरहेका चेतनाको प्रसारप्रसार कार्यलाई पनि देखाइएको छ ।

## शेष मानन्धर

### *१. सिरूकी बाख्री*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०२९; दोस्रो संस्करण-२०५०, पृष्ठ-२२+४=२६, मूल्य-रु.२०।-; चित्र-टेकवीर मुखिया ।

अध्याय विभाजन, प्रकाशकीय र लेखकीय नभएको बालउपन्यास । यो उपन्यास नेपाली समाजमा प्रचलित लोककथाका आधारमा तयार भएको हो । यसमा अर्कालाई दुःख दिने र अर्काको ईर्ष्या गर्नेको भलो हुँदैन भन्ने शिक्षा दिइएको छ । उपन्यासमा साधारण कथावस्तुलाई आफ्नो भाषा र सरल शैलीमा प्रस्तुत गरिएको छ ।

## सरूभक्त

### *१. अँध्यारो कोठा*

प्रकाशक-वनिता प्रकाशन, विराटनगर; मुद्रक-बगलामुखी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६० फागुन, पृष्ठ-४४+२=४६, मूल्य-रु.४५।-; चित्र-ज्ञानेश्वर उदय; आवरण-गेहेन्द्र अमात्य ।

बाह्र अध्यायमा विभाजित । यस उपन्यासमा माकुरा र माउसुलीको चरित्रका माध्यमबाट हिंसा, स्वार्थ, कलह र एकलकाँटे प्रवृत्तिको विरोध र भँगेरा जोडीको चरित्रका माध्यमबाट आपसी मेलमिलाप, सहयोगी भावना र निस्वार्थपनको प्रशंसा गरिएको छ । प्रस्तुति रोचक छ ।

## सागर 'मणि' थापा

### *१. उपकार*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-प्रज्ञा अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१ साउन, पृष्ठ-४४, मूल्य-व्यक्तिगत रु.२५।- र संस्थागत रु.१००।-; चित्र-देव कोइमी ।

छ अध्यायमा विभाजित बालउपन्यास । उपन्यासमा गरिब परिवारको पीडा, अपाङ्ग बालकप्रति हुने गरेको दुर्व्यवहार र अपाङ्गमा पनि क्षमता-प्रतिभा हुन्छ भन्ने कुरा देखाइएको छ । उपन्यासले दुई परिवारको कथालाई प्रस्तुत गर्ने प्रयास गरेको छ। उपन्यासले नेपाली समाजमा विद्यमान चित्र प्रस्तुत गरेको छ। कथानक वर्णनात्मक शैलीमा अघि बढेको छ।

## सुकुम शर्मा

### *१. लाले र लिलीको कथा*

प्रकाशक-सहस्राब्दी प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-पारु अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१ माघ, पृष्ठ-२८, मूल्य-रु.२०।-; चित्र/आवरण-रामकृष्ण भण्डारी ।

बालकथा भनिए पनि नौ अध्यायमा विभाजित उपन्यास। लेखकीय र प्रकाशकीय दुवै नभएको । यस उपन्यासले चराहरूलाई पात्र बनाएर नेपाली समाजमा विद्यमान छुवाछूत, भेदभाव र शोषणको चित्रण गर्दै त्यसका विरुद्ध बालबालिकालाई जागरूक बनाउने प्रयास गरेको छ । काल्चे चराका बच्चा लाले

र लिलीमार्फत अघि बढेको यस उपन्यासको कथावस्तु रोचक र भाषा सरल छ ।

## सुधा रिसाल शर्मा

### *१. माहुरीको पुस्तकालय*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१, पृष्ठ-२८+४=३२, मूल्य-रु.३५।-; चित्र-सङ्गी श्रेष्ठ ।

सानेे, माहुरीबा, सानेको बसाइँसराइ, सानेकी बहिनी फुच्ची, सानेको बिहे, माहुरीबाको छोरा काले, युसु, युसु र काले, बूढा साने गरी नौ अध्यायमा विभाजित । यस उपन्यासमा माहुरी र कमिलाजस्ता पात्रका माध्यमबाट बालबालिकालाई पुस्तकालयको महत्त्वका बारेमा बुझाउन खोजिएको छ । उपन्यासको प्रस्तुति रोचक र मनोरञ्जनपूर्ण छ । घटना, संवाद र चरित्रका माध्यमबाट कथा अघि बढाइएको छ ।

### *२. डा.चिम्पु चिम्पान्जी*

प्रकाशक-बालपत्रकारिता तथा बालसाहित्य पुरस्कार समिति, नेपाल; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०६१ असार, पृष्ठ-२१+३=२४, मूल्य-रु.२५।-; चित्र-रश्मि अमात्य 'शशि' ।

चिम्पु, चिम्पुको घर, रातो आँखा, सानी खरायो, राता-राता आँखा, डा.चिम्पु, चश्मे स्याल, सानू चिम्पान्जी र चिम्पुको विवाह गरी नौ उपशीर्षकमा प्रस्तुत बालउपन्यास । उपन्यासमा बालबालिकाको आँखाको बचाव गर्ने तरिका र आँखा रोगबाट बच्ने उपायहरूका बारेमा जानकारी दिइएको छ । कथाको संरचना त्यत्ति कसिलो हुन नसके पनि जनावरलाई मानवीकरण गरेर प्रस्तुत गरिएकाले बालबालिकाका लागि कथा रोचक हुन पुगेको छ ।

## सुभद्रा सुब्बा

### *१. बालमहाभारत*

प्रकाशक-रामकृष्ण वेदान्त आश्रम, दार्जीलिङ; मुद्रक-रत्नाकर प्रेस, कलकत्ता; पहिलो संस्करण-१९५६ इ., पृष्ठ-?, मूल्य--।७५ पैसा ।

**मदन पुरस्कार पुस्तकालय**मा २५८ नं.मा दर्ता भएको पुस्तक तर फेला नपरेको ।